# समावेशी, लोकतान्त्रिक, नैतिक तथा वैकल्पिक राजनीतिक सहकार्य (IDEA) मञ्चको सम्झौतापत्र

पिपुल्स फर्ष्ट पार्टी, समावेशी–समाजवादी पार्टी, दलित गोलमेच सम्मेलन र गतिशील लोकतान्त्रिक पार्टीहरूबिच आज २०८२ माघ २७ गते एक कार्यक्रममा हस्ताक्षर गरी समावेशी, लोकतान्त्रिक, नैतिक तथा वैकल्पिक राजनीतिक सहकार्य (IDEA) मञ्चको सम्झौता सम्पन्न गरियो ।

आज राष्ट्रिय राजनीतिलाई कृत्रिम, बनावटी र अप्राकृतिक तवरले "पुरानो" र "नयाँ" को नाममा यथास्थितिवाद र प्रियतावादबीच ध्रुवीकरण गराउने षड्यन्त्र भइरहेको छ। यी दुवै प्रवृत्तिहरू जन आकांक्षाको सही मार्गदर्शन र संवाहक होइनन्। देशको दीर्घकालीन भविष्य; उन्नत, गतिशील, नैतिक, सभ्य र सुसंस्कृत लोकतन्त्र; समानुपातिक–समावेशिता; समता र सामाजिक न्याय; सुशासन र सम्वृद्धिका लागि यी प्रवृत्तिहरू उपयोगी हुन सक्दैनन्।

भदौ २३–२४ गतेको जनआन्दोलन/जनविद्रोहको उद्देश्य, मर्म र भावना विगत तीन दशकभन्दा बढी समयदेखि मौलाएको यथास्थितिवाद, विसङ्गति र पतनका संरचनागत, कानुनी तथा संवैधानिक उपचार खोज्नु थियो। दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र, अल्पतन्त्र, बिचौलियातन्त्र र सिण्डिकेटतन्त्र जस्ता लोकतान्त्रिक विचलन र क्षयीकरणविरुद्ध नागरिकतन्त्रको स्थापना गर्दै दलीय प्रणालीलाई सुधार गर्नु, सबै प्रकारका विभेद, बेथिति, कुशासन, भ्रष्टाचार, शोषण, गरिबी र अल्पविकासको अन्त्य गर्दै पूर्ण समानुपातिक–समावेशी, उन्नत लोकतान्त्रिक, गतिशील नेतृत्व र नैतिक मूल्य प्रणालीमा आधारित राजनीति निर्माण गर्नु नै आन्दोलनको लक्ष्य थियो। यथास्थितिवाद वा प्रियतावाद मार्फत राजनीतिक स्वार्थ सिद्धितर्फ लाग्ने हो भने भविष्यमा देश थप सङ्कटमा पर्ने निश्चित छ।

उपर्युक्त यथार्थलाई मध्यनजर गर्दै हामी तपसिल बमोजिमका राजनीतिक दल, समूह र अभियान समावेशी (Inclusive), उन्नत लोकतान्त्रिक (Democratic), नैतिक (Ethical) र वैकल्पिक (Alternative) राजनीतिका लागि सहकार्य मञ्च - IDEA - निर्माणको घोषणा गर्दछौँ। आसन्न आम निर्वाचन लगायत भविष्यका सबै राजनीतिक सहकार्य यसै मञ्चमार्फत गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।

यो मञ्चले बेथिति र विभेद दुवै प्रकारका समस्याविरुद्ध स्वाभिमान र सम्वृद्धि, समता, सुशासन र स्वशासनको लडाइँ एकसाथ लड्नेछ। आदिवासी, जनजाति, मधेसी, थारू, मुस्लिम, दलित, महिला, पिछडिएको क्षेत्र, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता तथा अन्य अल्पसंख्यक तथा सीमान्तकृत समुदायहरूको सवाल र संघर्षलाई आत्मसात् गर्दै राज्य प्रक्रियामा समायोजन र सम्बोधनका लागि आवश्यक कार्य गर्नेछ।

साथै, यो मञ्चले गरिबी, बेरोजगारी, अल्पविकास, शोषण, वित्तीय ठगी, आर्थिक अनुशासनहीनता, अवैध सम्पत्ति आर्जन, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, प्राकृतिक स्रोतको असमान वितरण र अवाञ्छित दोहन तथा कुशासन जस्ता समस्याविरुद्ध निर्मम संघर्ष गर्नेछ। उद्यमशीलता मार्फत वडा – वडामा दिगो रोजगारी सिर्जना गर्नु हाम्रो देशको स्वाभिमान तथा दीर्घकालमा स्वतन्त्र भविष्यका लागि अपरिहार्य छ। विगत दशकहरूका सबै भ्रष्टाचार, ठगी र अवैध सम्पत्ति आर्जनका प्रकरणहरूको छानबिनका लागि नागरिक आयोग गठनको जोडदार माग गर्दछौँ।

निर्वाचन प्रणाली, शासकीय स्वरूप, प्रशासनिक संरचना तथा दलीय प्रणालीको पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्न संवैधानिक तथा कानुनी सुधारको पैरवी गर्नेछौँ। विदेशमा रहेका तथा अपायक भएका मतदाताको मतदानको व्यवस्था, मतपत्रमा अस्वीकारको अधिकार (NOTA), उम्मेदवार छनोटका लागि अनिवार्य प्रारम्भिक निर्वाचन (Primary) सहित सम्बन्धित कार्य समितिहरूको पनि सहभागिता, निर्वाचन खर्च सीमाको प्रभावकारी

अनुगमन संयन्त्र, राजनीतिक दलहरूलाई राज्यले न्यूनतम सहयोग प्रदान, निर्वाचन खर्चका लागि साझा सार्वजनिक रूपमा आर्थिक सहयोग दिने विधि, अपारदर्शी चन्दा तथा निर्वाचन खर्च सङ्कलनमा प्रतिबन्ध जस्ता व्यवस्था आसन्न निर्वाचन अघि नै लागू गर्न माग गर्दछौँ।

यो मञ्च समान विचार र एजेण्डा भएका सबै दल, समूह, अभियान, अभियानकर्ता व्यक्ति तथा व्यक्तित्वहरूको साझा र खुला मञ्च हो। यथास्थितिवाद र प्रियतावाद दुवै प्रवृत्तिसँग असहमत, पूर्ण समानुपातिक – समावेशी, उन्नत लोकतान्त्रिक, स्वच्छ – नैतिक राजनीतिका पक्षधर सबै वैकल्पिक तथा अग्रगामी दल, समूह र शक्तिलाई सहकार्यका लागि विनम्रतापूर्वक हार्दिक आह्वान गर्दछौँ।

| | | | |
|---|---|---|---|
| ......................... | ............................... | ............................... | ............................... |
| **प्रशान्त सिंह** | **मनिन्द्र सिंह दनुवार,** | **डा. निर्मल विश्वकर्मा,** | **दिनेश राज प्रसाईं** |
| **संयोजक** | **महासचिव** | **संयोजक,** | **अध्यक्ष** |
| **पिपुल्स फर्ष्ट पार्टी** | **समावेशी–समाजवादी पार्टी** | **दलित गोलमेच सम्मेलन** | **गतिशील लोकतान्त्रिक पार्टी** |

**मिति: २०८२ माघ २७ गते, काठमाडौँ।**